## चरणबद्ध दैनिक रिकभरीको पहिलो पुनर्गठन (११.१–) फलोअप प्रतिक्रिया (११.२९–)

☐ पुष्टि भएका केसहरूको सङ्ख्यामा द्रुत वृद्धि इत्यादि महामारीको प्रवित्तिलाई ध्यानमा राख्दै दोस्रो पुनर्गठन स्थगित गरिएको छ ।

○ बुस्टर खोपको प्रभाव देखा पर्नु अघि ४ हप्ताको लागि हालको स्तर कायम राख्दै मेडिकल र क्वारेन्टाइनको लागि फलो अप प्रतिक्रिया योजना प्रवर्द्धन गर्नुहोस् ।

☐ घरेलु उपचार रूपान्तरण

○ घरेलु उपचार सम्भव नभएको अवस्थामा मात्र बिरामीहरूलाई चिकित्सा संस्थामा भर्ना गरिन्छ

| < पूर्ण विद्यमान > | | < सुधारिएको > |
|---|---|---|
| ◦(लक्षित व्यक्ति) **अस्पतालमा भर्ना कारक बिना ७० वर्षभन्दा मुनिको एसिप्टोमेटिक र हल्का पुष्टि भएका केसहरूको लागि गृह उपचार**<br>◦(अन्य कारण) सङ्क्रमणको जोखिममा रहेका आवासीय वातावरण, अन्तर्निहित रोगको अवस्थामा, ६० वर्षभन्दा माथिका खोप नलगाएका व्यक्तिहरू, अस्पताल भर्ना कारण भएकाहरूसँग एउटै घरमा बसोबास गर्नेहरूको मामला आदि | ➔ | ◦(लक्षित व्यक्ति) **सबै कोभिड १९ पुष्टि भएका केसहरू**<br>– यद्यपि, **अस्पताल भर्ना कारक भएको अवस्थामा हेरचाहको खाँचो परेकाहरूको लागि इनपेन्टेन्ट उपचार** (बच्चा, असक्षम, ७० वर्षभन्दा माथि आदि) इत्यादिको अवस्थामा **अस्पताल भर्ना उपचार** |

○ आपतकालिन अवस्थामा २४ घण्टा परामर्श र उपचारको लागि हटलाइन स्थापना गर्नुहोस् र पहिले नै स्थानान्तर चिकित्सा संस्था तोक्नुहोस्

☐ खोप नलगाएका व्यक्तिहरूलाई खोप लगाउन प्रोत्साहन दिने र तुरुन्तै थप खोपहरू (बुस्टु शट) लागू गर्ने

○ **खोप नलगाएका व्यक्तिहरूलाई प्रोत्साहन**

- बालबालिका र किशोर किशोरीहरू (१२-१७ वर्ष) को लागि अग्रिम बुकिङ पुनः सुरु (–२२.०१.२२), स्थानीय अवस्था अनुसार विद्यालय र खोप एजेन्सीहरू बीचको सम्बन्धबाट खोपको कार्यान्वयन (शिक्षा कार्यालयद्वारा आयोजित)
- चिकित्सा समुदायसँग सहयोग, छुट्टै उपचारको निम्ति चिकित्सा संस्थामा सधैं आउने ज्येष्ठ नागरिक आदिको बारेमा सक्रियसाथ खोपको लागि प्रोत्साहन गर्ने

○ **शीघ्र बुस्टर खोपको कार्यान्वयन**

- डिसेम्बरमा ज्येष्ठ नागरिक (६० वर्षभन्दा माथिका) को लागि गहन खोप अवधि सन्चालन, इन्फ्लुएन्जा खोप जस्तै अग्रिम बुकिङ बिना सोही दिन खोप दिइन्छ ।
- १८ वर्षभन्दा माथिको आधारभूत खोप पुरा गरेका सबैलाई आधारभूत खोप लगाएपछि ५ महिना (१५० दिन) आधारित बुस्टर खोपको कार्यान्वयन
- क्वारेन्टाइन पास (खोपको प्रमाणपत्र) को लागि वैधता अवधि (६ महिना) सेट गर्नुहोस्, क्वारेन्टाइन पास गर्न आवश्यक पर्ने सुविधाहरू प्रयोग गर्न ६ महिना भित्र थप खोपहरूको आवश्यकता पर्दछ ।
- व्यक्तिगत कारण (रोग उपचार, विदेश प्रस्थान आदि) समूह खोपहरू (सङ्क्रमण-जोखिम सुविधाहरू, चिकित्सा संस्थाहरू इत्यादि) जस्ता कारण वा अवशिष्ट खोपहरू प्राप्त गर्न चाहनेहरूले प्रारम्भिक खोपहरू प्राप्त गर्न मानक* १ महिनाभित्र प्रारम्भिक खोप सम्भव छ ।

* (आधारभूत खोप लगाएको ४ महिना पछि) ६० वर्षभन्दा माथिका, अन्तर्निहित रोग भएका, चिकित्सा संस्था, सङ्क्रमणको जोखिममा रहेका सुविधाहरू (आधारभूत खोप लगाएको ५ महिना पछि) १८-४९ वर्ष, ५० वर्ष
(आधारभूत खोप पुरा भएको २ महिना पछि) जानसिन खोप लगाएका व्यक्तिहरू, प्रतिरक्षा शक्ति कम भएकाहरू

☐ क्वारेन्टाइनलाई बलियो बनाउने

○ नर्सिङ अस्पताल, सुविधाहरू इत्यादि सङ्क्रमणको जोखिममा पर्ने सुविधाहरूमा PCR परिक्षणको सुदृढिकरण*, थप खोपहरू पूरा गरेकाहरूलाई केन्द्रित गर्दै सन्चालन गरिने

* (पूर्ण विद्यमान) एक पटकको PCR परिक्षण (अस्पतालमा भर्ना हुँदा) + एक दिन आइसोलेशन कोठामा पर्खने
→ (परिवर्तन) **२ पटक PCR परिक्षण** (①अस्पतालमा भर्ना हुँदा, क्वारेन्टाइनको तेस्रो दिनमा) + **क्वारेन्टाइन कोठामा ४ दिन पर्खने**

- वृद्धहरूको मनोरन्जनको लागि कल्याण सुविधाहरूमा (वरिष्ठ केन्द्र, वरिष्ठ कल्याण केन्द्र आदि) मा हिउँदे खिम्ची बनाउने कार्यक्रम इत्यादि निषेध

<यो अनुवाद दानूरी कल सेन्टर १५७७-१३६६ बाट गरिएको हो>